पाँचखाल नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

पाँचखाल , काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

# फोहोरमैला व्यवस्थापनको लागि प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०६/३०)

पाँचखाल नगरपालिकाको आर्थिक ऐन २०८२ को दफा ७ संग सम्बन्धित अनुसुची १८ बमोजिम स्वीकृत दररेटको अधिनमा रही यस नगर क्षेत्र भित्र फोहरमैला व्यवस्थापनको कार्य ठेक्का बन्दोबस्तद्वारा गर्नुपर्ने भएकोले नगरपालिकाबाट तोकिएको शर्त बन्देजको अधिनमा रही फोहरमैला व्यवस्थापनको कार्य संचालन गर्न चाहने दर्ता वाला फर्म वा संस्थाले १५ दिन भित्र दरखास्त फारम खरिद गरि प्राविधिक र आर्थिक प्रस्ताव एउटै खाममा शिलबन्दी गरि पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(नगरपालिकाबाट तोकिएको प्रस्ताव सम्बन्धि कागजात कार्यालयको website www.panchkhalmun.gov.np मा हेर्न सकिने छ ।)

# पाँचखाल नगरपालिका

## फोहोरमैला व्यवस्थापन सम्बन्धी

प्रस्ताव सहित शिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धमा

आ.व. २०८२।०८३

दरखास्त फारम दस्तुर रु.१,०००। (पछि फिर्ता नहुने)

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल , काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

# फोहोरमैला व्यवस्थापनको लागि प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०६/३०)

पाँचखाल नगरपालिकाको आर्थिक ऐन २०८२ को दफा ७ संग सम्बन्धित अनुसुची १८ बमोजिम स्वीकृत दररेटको अधिनमा रही यस नगर क्षेत्र भित्र फोहरमैला व्यवस्थापनको कार्य ठेक्का बन्दोबस्तद्वारा गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही फोहरमैला व्यवस्थापनको कार्य संचालन गर्न चाहने दर्ता वाला संस्थाले देहायका शर्त बन्देजको अधिनमा रही प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

शर्त बन्देज

१. प्रस्तावसँगै फर्म, संस्था वा कम्पनी दर्ता तथा नविकरणको प्रमाणपत्रको छायाँप्रति, सञ्चालकहरुको नागरिकताको प्रमाणपत्रको छायाँप्रति, स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धी कर दर्ता भएको प्रमाणपत्रको छायाँप्रती, फर्म वा संस्थाको विधान, कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको छायाँप्रती, आर्थिक वर्ष २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति आदी अनिवार्य संलग्न हुनु पर्नेछ ।

२. फोहोरमैला संकलन प्रत्येक हप्ता कम्तीमा २ दिन बजारक्षेत्रमा र बाकी समय अन्य वडाहरुमा गर्नु पर्नेछ ।

३. सङ्कलित फोहरमैलालाई कुहिने, नकुहिने (पुनःप्रयोग गर्न सकिने) र नकुहिने (पुनःप्रयोग गर्न नसकिने) गरि छुट्याउन सकिने किसिमले : (क) कुहिने फोहोरमैलालाई तत्काल प्रांगारिक मल बनाई व्यावसायिक रुपमा नै बिक्रि वितरण गर्न सक्ने र दीर्घकालीन रुपमा प्रांगारिक मल बनाउन सिकाइ प्रयोगमा ल्याउन अभिप्रेरित गरी घरबाटै कुहिने फोहोरमैला ननिस्कने वातावरण बनाउने कुरा उल्लेख गरिएको हुनु पर्नेछ ।

(ख) नकुहिने (पुनःप्रयोग गर्न सकिने फोहोरहरू विक्री वितरण गर्न सक्ने र दीर्घकालीन रूपमा घरघरमै छुट्याई नकुहिने (पुनःप्रयोग गर्न सकिने फोहोर, सम्बन्धित घरबाट खरिद गरि सङ्कलन गर्ने र त्यसलाई एकमुष्ट रुपमा बिक्री वितरण गरी व्यवसायिक रुपमै आम्दानी गर्न सक्ने कुरा उल्लेख गरिएको हुनु पर्नेछ ।

(ग) नकुहिने (पुनःप्रयोग गर्न नसकिने फोहोरहरुलाई नगरपालिकाले तोकेको क्षेत्र वा प्रस्तावकले प्रस्ताव गरी स्वीकृत दिएको क्षेत्रमा समेत वातावरण मा कुनै असर नपर्ने गरि व्यबस्थापन गर्न सक्ने कुरा उल्लेख भएको हुनु पर्नेछ ।

४. फोहोर व्यवस्थापन गर्न आवश्यक पर्ने न्यूनतम पूर्वाधार तयार गर्न, जनचेतना जगाउन, तालिम संचालन गर्न र अन्य आवश्यक कार्य गर्न नगरपालिकाले दुई पक्षीय सम्झौता बमोजिम साझेदारी गर्नेछ ।

५. प्रस्तावकले प्रस्तावमा उल्लेख भए बमोजिम व्यवस्थित रुपमा स्थानीय जनताबाट गुनासो नआउने गरी फोहरमैला संकलन र व्यवस्थापन गर्नु पर्नेछ ।

६. प्रस्तावकले फोहोर संकलन तथा व्यवस्थापन गर्न कार्यालयबाट तोकिएको ढांचामा प्राविधिक र आर्थिक प्रस्ताव एउटै खाममा शिलबन्दी गरि पेश गर्नु पर्नेछ ।

७. फोहोरमैला व्यवस्थापन वापत घर, पसल र प्रतिष्ठान धनीले व्यहोर्नु पर्ने शुल्क नगरपालिकाबाट स्वीकृत आर्थिक ऐन बमोजिम हुनेछ । नगरपालिकाबाट स्वीकृत आर्थिक ऐनले तोकेको भन्दा बढी शुल्क उठाउन पाइनेछैन ।

८. प्रस्ताव कार्यान्वयनको अवधि हाललाई २ (दुई) वर्षको हुनेछ । काम सन्तोषजनक भएमा सम्झौता प्रत्येक वर्ष नवीकरण हुनेछ । त्यसपछि पनि नगरपालिकालाई उपयुक्त लागेमा नगरपालिकाले म्याद थप गर्दै जान सक्नेछ ।

पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

९. फोहर सङ्कलन केन्द्र सम्म जाने पुर्वाधार एवं आवश्यक अन्य निर्माण, मर्मत सम्भार नगरपालिकाले गर्नुपर्ने तर फोहोरमैला सङ्कलन केन्द्र भित्र आवश्यक्ता अनुसारको संरचना निर्माण एवं मर्मत सम्भार प्रस्तावकले गर्नु पर्नेछ ।

१०. फोहोरमैला व्यवस्थापनको सन्दर्भमा कुनै समस्या वा विवाद उत्पन्न भएमा प्रस्तावक र नगरपालिका छुट्टा छुट्टै वा संयुक्त रुपमा मिलेर समाधान गर्ने व्यहोरा उल्लेख भएको हुनु पर्नेछ ।

११. फोहर सङ्कलन तथा प्रशोधन केन्द्र नगरपालिकाले तोकेको वा स्वीकृती दिएको क्षेत्र बाहेक अन्यत्र क्षेत्रमा गर्न पाईने छैन । तर प्रस्तावक आफैले जग्गा व्यवस्थापन गरी पायक पर्ने स्थानमा फोहरमैला सङ्कलन तथा प्रशोधन गर्न चाहेमा नगरपालिकाको स्वीकृती लिइ गर्न सक्ने र त्यसरी प्रयोग गरेवाट भविष्यमा आउन सक्ने समस्याको जवाफदेही प्रस्तावक स्वंय नै हुने कुरा समेत उल्लेख भएको हुनु पर्नेछ । फोहोर व्यवस्थापन गर्ने स्थान आफै व्यवस्थापन गर्ने प्रस्तावकलाई प्राथमिकता दिइनेछ ।

१२. उल्लेखित बमोजिमका प्रावधानका अतिरिक्त नगरपालिका क्षेत्रभित्र थप रोजगार सिर्जना गर्न सक्ने, व्यवसायिकता हासिल गर्न सक्ने, स्थानीय तहमै काम गरिरहेका र वातावरण क्षेत्रमा विशेष कार्य गरि अनुभव प्राप्त गरेका प्रस्तावकलाई प्राथमिकता दिन सकिनेछ ।

१३. प्रस्तावक आफैंले प्रस्तावमा जग्गाको व्यवस्था सहित पेश भएको तथा आधुनिक र सुरक्षित फोहोरमैला व्यवस्थापन सहितको प्रस्तावलाई विशेष प्राथमिकता दिएनेछ ।

१४. प्रस्तावकसँग फोहोर संकलन गर्न कम्तीमा २ थान चारपाङ्ग्रे सवारी साधन र कम्तीमा ६ जना फोहोर संकलकहरु रहेको प्रमाण पेश गर्नुपर्नेछ ।सवारी साधनको हकमा सम्बन्धित संस्थाको नाममा ब्लुवुक वा गाडी भाडामा लिएको भए सो को सम्झौतापत्र पेश गर्नु पर्नेछ । यसमा उल्लेख भए बमोजिमको सवारी साधन र जनशक्तीको प्रमाण पेश नभएमा त्यस्ता प्रस्तावकको प्रस्ताव छनौट प्रक्रियामा लगिने छैन ।

१५. यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समय सम्ममा प्रस्ताव दर्ता गरी सक्नु पर्नेछ । म्याद भित्र दर्ता भएका प्रस्तावहरु १६ औं दिन दिनको १२:०० कार्यालयमा प्रस्तावकको रोहवरमा खोलिनेछ ।प्रस्ताव दर्ता गर्न अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सोको भोलीपल्ट हुनेछ । प्रस्तावक वा निजको प्रतिनिधि अनुपस्थित भएपनि प्रस्ताव खोल्न कुनै वाधा पर्ने छैन ।

१६. छनौट भएको प्रस्तावकर्ताले सम्झौता गर्न आउदा रु. १,००,०००।— (अक्षेरुपी एक लाख रुपैया मात्र) कार्यसम्पादन जमानत नगद वा बैंक ग्यारेन्टी सहित सम्झौताको लागि पत्र प्राप्त भएको मितिले १५ दिन भित्र सम्झौता गरिसक्नु पर्नेछ ।अन्यथा कानुन बमोजिम अन्य प्रस्तावदातासँग सम्झौताको प्रक्रिया अगाडी बढाइनेछ ।

१७. यस सुचनामा उल्लेख नभएको अन्य कुराको हकमा थप कुरा बुझ्नु परेमा यस कार्यालयको वातावरण तथा विपद् शाखामा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

१८. कुनै पनि प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने अधिकार पाँचखाल नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

१९. प्रस्ताब सहितको शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात इच्छुक प्रस्तावक वा अख्तियार प्राप्त प्रतिनिधि स्वयम् उपस्थित भै नगरपालिको राजश्व शाखाबाट शुल्क रु १०००।— (अक्षेरुपी एक हजार रुपैया मात्र) तिरी खरिद गर्न सकिनेछ ।

२०. यस सूचनामा नपरेका कुराहरुमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ ,फोहर मैला व्यवस्थापन ऐन २०६८ र स्थानीय सरकार ऐन २०७४ लगायत प्रचलित कानुन बमोजिम हुनेछ ।

२१. यो सूचना यस कार्यालयको website www.panchkhalmun.gov.np मा हेर्न सकिने छ ।

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

# निवेदन-पत्र

पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८२।०.... । ....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
पाँचखाल नगरपालिकाको कार्यालय ।

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

**विषय:- प्राविधिक प्रस्ताव पेश गरेको सम्बन्धमा ।**

महोदय,

उपर्युक्त सम्बन्धमा त्यस कार्यालयको मिति २०८२।०६।२९ गते प्रथम पटक प्रकाशित सूचना अनुसार पाँचखाल नगरपालिकाको बजार क्षेत्र र उद्योग, कलकारखानाबाट उत्पादन हुने फोहोरमैला व्यवस्थापनको कार्य गर्न ठेक्का प्रतिस्पर्धाका लागि संलग्न शर्त बन्देज तथा जानकारी अध्ययन गरी निम्न विवरण खोली यो प्राविधिक प्रस्ताव पेश गरेको छु । मेरो प्रस्ताव स्वीकृत भएमा त्यस न.पा. द्वारा निर्देशित शर्त तथा नियमहरु पालना गरी पाँचखाल नगरपालिकाको बजार क्षेत्र र उद्योग, कलकारखानाबाट उत्पादन हुने फोहोरमैला व्यवस्थापनको कार्य गर्न इच्छुक रहेको व्यहोरा अनुरोध गर्दछु ।

( प्राविधिक प्रस्तावमा उल्लेख गर्नु पर्ने विवरणहरुः )

- शर्त बन्देजमा उल्लेखित बिषयलाई स्पष्ट पार्ने विवरणहरु सहितको प्रस्ताव
- सवारी साधनको विवरण
- जनशक्तिको विवरण  फोहोर संकलकहरुको संख्या
- कार्य अनुभव

# निवेदन-पत्र

पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

मिति: २०८२।०.... । ....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
पाँचखाल नगरपालिकाको कार्यालय ।

**विषयः- आर्थिक प्रस्ताव पेश गरेको सम्बन्धमा ।**

महोदय,

उपर्युक्त सम्बन्धमा त्यस कार्यालयको मिति २०८२।०६।२९ गते प्रथम पटक प्रकाशित सूचना अनुसार पाँचखाल नगरपालिकाको बजार क्षेत्र र उद्योग, कलकारखानाबाट उत्पादन हुने फोहोरमैला व्यवस्थापनको कार्य गर्न ठेक्का प्रतिस्पर्धाका लागि संलग्न शर्त बन्देज तथा जानकारी अध्ययन गरी निम्न विवरण खोली यो आर्थिक प्रस्ताव पेश गरेको छु । मेरो प्रस्ताव स्वीकृत भएमा त्यस न.पा. द्वारा निर्देशित शर्त तथा नियमहरु पालना गरी पाँचखाल नगरपालिकाको बजार क्षेत्र र उद्योग, कलकारखानाबाट उत्पादन हुने फोहोरमैला व्यवस्थापनको कार्य गर्न इच्छुक रहेको व्यहोरा अनुरोध गर्दछु ।

१. **मैले/यस फर्मले ठेक्का लिन चाहेको ठेक्काको विषय क्षेत्र र कबोल अंक यस प्रकार रहेको छ ।**

| ठेक्का नं. | ठेक्काको विषय क्षेत्र | कुल वार्षिक कबोल अंक (वार्षिक ) | | कैफियत |
|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | |
| PM/WM/01/ 2082/83 | पाँचखाल नगरपालिकाको बजार क्षेत्र र उद्योग, कलकारखानाबाट उत्पादन हुने फोहोरमैला व्यवस्थापनको कार्य | | | |

२. संस्थादर्ता तथा नविकरण लगायतका कागजातका प्रतिलिपि संलग्न छन् ।

३. कबोल अंकमा कुनै केरमेट भएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

| दरभाउपत्रदाताको विवरण | | फर्मको छाप |
|---|---|---|
| फर्मको नाम | | |
| आधिकारीक हस्ताक्षर | | |
| ठेगाना | | |
| सम्पर्क नं. | | |